Pittsburgh Public Schools

2021-2022 शैक्षिक वर्ष

# 6-12

# आचरण नियम तथा उल्लंघन स्तरहरूसम्बन्धी गाइड

Expect great things.

# स्तर 1 का कार्यहरू

**स्तर 1 का कार्यहरू गैर-हिंसात्मक हुन्छन् ।** स्तर 1 का कार्यहरूले अरू व्यक्तिहरूको स्वास्थ्य, सुरक्षा वा सम्पत्तिलाई खतरामा पार्छ भन्ने हुँदैन । स्तर 1 का कार्यहरूलाई सम्बोधन गर्नका लागि सकारात्मक कक्षाकोठा र स्कुलव्यापी सहयोगात्मक सेवा (इन्टरभेन्सन) तथा सहायताहरू प्रयोग गरिन्छ । उपयुक्त सहयोगात्मक सेवा र सहायतापछि पनि विद्यार्थीहरूले स्तर 1 कार्यहरूलाई जारी नराख्दासम्म उनीहरूलाई ती कार्यहरूका लागि प्रशासकसमक्ष रेफर गरिँदैन ।

**101.A. स्कुलमा ढिलो आउनु:** लिखित, मान्य कारणबिना स्कुल सुरु हुने सूचित समयपछि आउनु ।

**101.B. कक्षामा ढिलो आउनु:** लिखित, मान्य कारणबिना कक्षा सुरु हुने सूचित समयपछि आउनु ।

**102. ट्रुएन्सी (अनुमतिबिना अनुपस्थित रहने) तथा कक्षाबाट भाग्ने:** कक्षा वा स्कुलबाट अमान्य अनुपस्थिति ।

**103. अनुपयुक्त व्यक्तिगत सम्पत्ति:** सिकाइमा ध्यान भङ्ग गर्ने, मानिस वा सम्पत्तिमा नोक्सानी पुर्याउने वा सिकाइ प्रक्रियामा अन्य तरिकाले अवरोध गराउने वस्तुहरू साथमा राख्ने तथा/वा प्रयोग गर्ने । व्यक्तिगत सम्पत्तिका अनुपयुक्त वस्तुहरूमा विद्युतीय डिभाइस, अनुमति नदिइएका खानेकुराहरू र नीति 229 (औषधिहरूको प्रयोग) र नीति 229.1 (आकस्मिक औषधिहरू बिना मन्जुरी साथमा राख्ने वा प्रयोग गर्ने) अन्तर्गत स्कुल नर्ससँग दर्ता नगरिएको औषधि पर्दछन् तर ती यिनीहरूमा मात्र सीमित हुँदैनन् ।

**104. अन्य विद्यार्थीहरूलाई हैरान पार्ने, जिस्काउने वा सताउने:** गैर-शैक्षिक प्रयोजनहरूका लागि अर्को विद्यार्थीहरूसँग गरिने भौतिक सम्पर्क वा सञ्चार जसले शिक्षा वा स्कुल वातावरणको सुरक्षामा बाधा पुर्याउँछन् ।

**105. अनुचित भाषा वा इशाराहरू:** अशिष्ट वा अश्लिल भाषा लगायत शब्द वा कार्यहरूको प्रयोगमार्फत व्यक्ति वा व्यक्तिहरूको समूहलाई अपमान गर्ने, होच्याउने वा गिज्याउने लिखित वा मौखिक टिप्पणी वा इशाराहरू ।

**106. बसका सूचित नियमहरूको गैरपालना:** बस वा स्कुलका लागि आचरणको सूचित वा लिखित नियमहरूको उल्लंघन; उदाहरणहरू: तोकिएको सिटमा नबस्ने, कर्मचारीहरूद्वारा गरिएका आचरणसम्बन्धी अनुरोधहरूलाई पालना नगर्ने, गलत बस स्टपमा बसमा चढ्ने वा बसबाट ओर्लने ।

**107. स्कुलका सूचित नियमहरूको गैरपालना:** स्कुल वा कक्षाका सूचित वा लिखित विशेष नियम तथा नियमावलीहरूको उल्लंघन; उदाहरणहरू: लगातार चुइगम चपाउने, लगातार कक्षामा बोलिरहने, दगुर्ने, सामानहरू फाल्ने र पोशाकसम्बन्धी संहिताका उल्लंघनहरू तर ती यिनीहरूमा मात्र सीमित हुँदैनन् ।

**111. विद्युतीय वा टेलिकम्युनिकेशन उपकरणहरू बिना मन्जुरी साथमा राख्ने:** विद्यार्थीहरूले बोर्डको नीति र स्कुलका नियमहरूद्वारा अनुमति दिए अनुसार मात्र विद्युतीय डिभाइसहरूलाई साथमा राख्न सक्नेछन् । स्कुल-आधारित अनुशासन समितिहरूले त्यस्ता बन्देजहरू बोर्ड नीति 216 (विद्युतीय डिभाइसहरू) सँग मेल खाने तरिकामा तयार गर्न सक्नेछन् । कुनै पनि बन्देज लागू गर्दा अग्रिम रूपमा विद्युतीय डिभाइससम्बन्धी विशेष जानकारी विद्यार्थीहरू तथा अभिभावक/संरक्षकहरूलाई अनिवार्य उपलब्ध गराइनुपर्नेछ ।

(1) विद्यार्थी स्वयंसेवक अग्नि कम्पनि, एम्बुलेन्स वा उद्दार दलको सदस्य हुँदा ; वा (2) परिवारको नजिकको सदस्यको चिकित्सकीय समस्याको कारणले गर्दा त्यस्तो डिभाइस आवश्यक पर्ने विद्यार्थीमा विद्युतीय डिभाइसका बन्देजहरू लागू हुने छैनन् ।

विद्युतीय डिभाइसका बन्देजहरूको उल्लंघनमा गर्ने विद्यार्थीहरूलाई अनुशासनात्मक कार्यवाही हुन सक्नेछ र सो डिभाइस जफत गर्न सकिनेछ ।

**112. कक्षामा अवरोध:** मौखिक वा शारीरिक व्यवहार जसलाई कक्षाकोठा शिक्षकद्वारा सिकाइमा अवरोधपूर्ण रहेको भनेर निर्धारण गरिन्छ । उदाहरणहरूमा निम्न पर्दछन् तर तिनीहरूमा मात्र सीमित हुँदैनन्: कक्षामा बारम्बार बोलिरहने वा आफ्नो पालो नआउँदा बोल्ने, असाधारण रूपमा ठूलो आवाजमा बोल्ने, बिनाकारण दगुर्ने, वस्तुहरू फाल्ने, कक्षाका नियमहरूलाई पालना गर्न असफल हुने ।

**114. कम्प्युटर/कम्प्युटर नेटवर्क/विद्युतीय डिभाइसहरूको दुरुपयोग:** डिस्ट्रिक्टको नेटवर्क उपयोग तथा सुरक्षा नीति, प्रत्येक स्कुलको कम्प्युटर प्रयोग गर्ने निर्देशिका वा मोबाइल कम्प्यूटिङ डिभाइस प्रोग्राम निर्देशिका लगायत अरू व्यक्तिहरूको स्वास्थ्य, सुरक्षा वा सम्पत्तिलाई खतरामा पार्छ भन्ने निम्न कार्यहरूलाई उल्लंघन गर्ने कुनै पनि कार्यमा विद्यार्थी संलग्न हुनुहुँदैन:

A. कम्प्युटर, कम्प्युटर नेटवर्क वा विद्युतीय डिभाइसहरू प्रयोग गर्ने अनुमति नभएको समयहरूमा तिनीहरू प्रयोग गर्ने ।

B. जानाजान अनधिकृत गेम, प्रोग्राम, फाइल वा अन्य विद्युतीय मिडियालाई प्रयोग वा लोड गर्ने ।

C. डिस्ट्रिक्ट सिस्टमहरूभित्र अर्कै प्रयोगकर्ताको नाम लिन, बेनामी रहन वा छदम नामहरू प्रयोग गर्ने ।

D. डिस्ट्रिक्टको नेटवर्क उपयोग तथा सुरक्षा नीतिलाई उल्लंघन गर्न सक्ने सामग्री वा प्रयोजन रहेको अन्य नेटवर्कहरूमा लिंकहरू बनाउने ।

E. अपमानजनक तथा भड्काउ सञ्चारहरू जसले सुरक्षालाई स्पष्ट जोखिममा पार्दैन । कम्प्युटर प्रयोग गर्दा हुने उल्लंघनहरूका लागि अनुशासनात्मक कार्यवाही अगाडि बढाउनुभन्दा पहिले सही भर्चुअल शिष्टाचारहरू सिकाइनेछ र ती शिष्टाचारलाई बढाइनेछ ।

# मार्गनिर्देशन सहयोगात्मक सेवाहरू/प्रक्रियाहरूको निरन्तरताका उदाहरणहरू (स्तर 1) (स्कुल वा कक्षाकोठाबाट बाहिर राख्ने अनुशासनात्मक कार्यवाहीका विकल्पहरू)

- पुनर्स्थापकीय अभ्यासहरूको प्रयोग (अर्थात्, भावनात्मक कथन, पुनर्स्थापकीय प्रश्न, वृतहरू, तयारीबिना तत्कालै गरिने साना कन्फरेन्सहरू, इत्यादि) ।
- सहायताहरूको बहु-तहगत प्रणाली (MTSS) प्रक्रियामा रेफरल
- स्कुलभित्रको द्वन्द्व समाधान कार्यक्रमहरूमा रेफरल (उदाहरणका लागि, सहपाठी मध्यस्थता)
- विद्यार्थी/शिक्षक कन्फ्रेन्स
- अभिभावक वा संरक्षक/शिक्षक कन्फरेन्स
- पुन: सिकाउने/अपेक्षाहरूको नमुना तयार गर्ने
- विद्यार्थी/प्रशासक कन्फरेन्स
- परामर्श कर्मचारीद्वारा सहयोगात्मक सेवा/मार्गनिर्देशन कन्फरेन्स
- लिखित रिफ्लेक्सन (चिन्तनमनन) असाइन्मेन्ट
- हरेक विद्यार्थीका लागि योजना टुलहरू (उदाहरणका लागि, व्यवहार सहायता योजना) निर्माण, समीक्षा तथा संशोधन गर्ने
- समयतालिका वा कक्षामा परिवर्तन (अभिभावक/संरक्षकलाई सूचनासहित)
- एकल/समूह परामर्श
- रोकथाम (उदाहरणका लागि, क्रोध-व्यस्थापन, आवेग प्रतिस्थापन, सङ्गठनात्मक सीपहरू जस्ता सामाजिक, भावनात्मक सीप शिक्षण समूहहरू) तथा/वा सहयोगात्मक सेवाहरू (उदाहरणका लागि, व्यवहारजन्य स्वास्थ्य परामर्श) का लागि विद्यार्थी सहयोग कार्यक्रम (SAP) मा रेफरल

- स्कुल हाजिरी सुधार कन्फरेन्स/योजना
- विद्यार्थी व्यवहार योजना
- मेन्टोरिङ कार्यक्रममा रेफरल
- डिस्ट्रिक्टद्वारा स्वीकृत समुदायमा आधारित संस्था (CBO) मा रेफरल
- सामुदायिक सेवा (अभिभावक/संरक्षकको सहमतिबाट)
- स्कुल वा कक्षाकोठाबाट बाहिर राख्ने अनुशासनात्मक कार्यवाहीका अन्य उपयुक्त विकल्पहरू (त्यस्ता बाहिर राख्ने अनुशासनात्मक कार्यवाहीहरूमा डिटेन्सन, स्कुलभित्रको निलम्बन, स्कुलबाहिरको निलम्बन पर्दछन्)

# स्तर 2 का कार्यहरू

**स्तर 2 का कार्यहरू गम्भीर प्रकृतिका हुन्छन्** र तिनीहरूले कुनै व्यक्तिको स्वास्थ्य, सुरक्षा वा सम्पत्तिलाई खतरामा पार्न सक्नेछन् । स्तर 3 का कार्यहरू हुँदा प्रशासकलाई सूचित गरिन्छ । 6-12 ग्रेडहरूमा रहेका विद्यार्थीहरूलाई स्तर 2 का कार्यहरूका लागि निलम्बन गर्न सकिनेछ । इटालिक्समा सूचिकृत कार्यहरूका लागि स्कुल संहिताको दफा 1303-A(b) and 22 Pa. संहिताको दफा 10.22 बमोजिम स्कुल प्रहरीलाई अनिवार्य सूचना पठाइन्छ ।

**202. स्कुल सम्पत्तिको नोक्सानी, क्षति वा तोडफोड:** स्कुलको सम्पत्तिमा क्षति पुर्याउने वा क्षति पुर्याउने प्रयास गर्ने ।

**203. निजी सम्पत्तिको नोक्सानी, क्षति वा तोडफोड:** निजी सम्पत्तिमा उल्लेखनीय क्षति पुर्याउने वा उल्लेखनीय क्षति पुर्याउने प्रयास गर्ने ।

**209. स्कुल लाग्ने समयमा विद्यार्थीहरूको अनधिकृत उपस्थिति**

**209.A. स्कुल हातामा:** विद्यार्थीलाई उपस्थित हुन मन्जुरी नभएको बेला स्कुल हातामा उपस्थित हुनु (उदाहरणका लागि, विद्यार्थी निलम्बित छन् वा उनलाई जानका लागि अनुरोध गरिएको छ) ।
भेट्ने प्रयोजनका लागि अभिभावक/संरक्षकसँग आउँदाखेरि वा स्कुल प्रशासनको पूर्व अनुमतिले स्कुल हातामा उपस्थित हुँदा यस नियमलाई उल्लंघन गरिएको मानिने छैन ।

**209B. निजी वा सार्वजनिक परिसरमा:** तोकिएको स्कुल लाग्ने समयमा स्कुल सम्पत्तिसँगैको निजी वा सार्वजनिक सम्पत्तिमा उपस्थिति । अनुपस्थितिका लागि स्वीकृत कारण नहुँदासम्म स्कुल लाग्ने समयमा विद्यार्थीहरू अनिवार्य रूपमा स्कुलमा हुनुपर्छ ।

**210. धुम्रपान तथा सुर्तीजन्य पदार्थको प्रयोग:** स्कुल भवनहरू, स्कुल बसहरू वा स्कुलको स्वामित्वमा रहेको, नियन्त्रणमा रहेको वा यसले भाडामा लिएको कुनै पनि परिसर तथा सम्पत्तिमा धुम्रपान गर्ने, सुर्तीजन्य पदार्थ वा धुम्रपानका विद्युतीय डिभाइस प्रयोग गर्ने ।

**212. शैक्षिक बेइमानी:** शैक्षिक बेइमानीमा सबै स्वरूपको चिट चोर्ने कार्य, अरूको लेख वा विचारलाई चोर्ने (प्लेजरिजम), परीक्षाभन्दा पहिले नै प्रश्नपत्रहरूसम्म पहुँच बनाउने, अरू कसैको कामलाई आफ्नो भन्ने र परीक्षा, प्रोजेक्ट वा असाइमेन्टहरूमा अनधिकृत सहयोगहरू प्रयोग गर्ने पर्दछन् तर तिनीहरूमा मात्र सीमित हुँदैनन् ।

**213. दुर्व्यवहार:** जाति, वर्ण, उमेर, सम्प्रदाय, धर्म, लिङ्ग (लैङ्गिक पहिचान वा अभिव्यक्ति लगायत), यौनिक झुकाव, पुर्खा, राष्ट्रिय मूल, वैवाहिक स्थिति, गर्भावस्था वा अपाङ्गताका आधारमा गरिने भेदभावको एक स्वरूप हो जसमा अप्रिय आचरण वा त्यस्तो कुनै पनि अन्य आचरण पर्दछ जो पर्याप्त रूपमा गम्भीर, लगातार वा व्यापक हुँदा र उजुरीकर्ताको ठाउँमा रहेको कुनै पनि ज्ञानवान व्यक्तिले त्यसले डरत्रास, धम्कीपूर्ण वा दुर्व्यवहारयुक्त शैक्षिक वातावरण बनाउनेछ भन्ने पाउँदा उक्त आचरण हानिकारक वा अपमानजनक हुन सक्नेछ वा कुनै व्यक्तिको स्कुल वा स्कुलसँग सम्बन्धित प्रदर्शनलाई अवरोध गर्न सक्नेछ ।

**दुर्व्यवहारका विशिष्ट उल्लंघनहरूलाई निम्नानुसार थप परिभाषित गरिएको छ:**

**213.A. यौनजन्य दुर्व्यवहार:** यौनको आधारमा गरिने आचरण जोकि अप्रिय हुनुका साथसाथै कुनै पनि ज्ञानवान व्यक्तिद्वारा सो आचरण डिस्ट्रिक्टको कार्यक्रममा व्यक्तिलाई समान पहुँचबाट वञ्चित गराउनेगरी एकदमै गम्भीर, व्यापक तथा पूर्ण रूपमा अपमानजनक हुन्छ भनेर निर्धारण गरिएको हुन्छ । माथिल्लो तहका कर्मचारीले तल्लो तहका कर्मचारी वा विद्यार्थी वा अन्य मानिसलाई सहयोग, सुविधा वा सेवाको सट्टामा अप्रिय यौनजन्य आचरण गर्न लगाउने यौनजन्य आचरणलाई पनि डिस्ट्रिक्टको नीतिद्वारा समेटिएको हुन्छ । डिस्ट्रिक्टको नीतिद्वारा परिभाषित गरे अनुसार यौनजन्य आक्रमण, डेटिङ हिंसा, घरेलु हिंसा र पछ्याउने कार्य पनि यौनजन्य दुर्व्यवहारका प्रकारहरू हुन् ।

**213.B. नश्लीय/जातीय दुर्व्यवहार:** जाति, वर्ण वा राष्ट्रिय मूलक आधारमा गरिने भेदभावमा व्यक्तिको वास्तविक वा कथित जाति, वर्ण, राष्ट्रिय मूल, जातीयता वा पुर्खाका आधारमा गरिने भेदभाव पर्दछ । यसमा देश, विश्व क्षेत्र वा व्यक्ति वा उनको पुर्खाहरू आएको ठाउँ; व्यक्तिको सीमित अंग्रेजी प्रवीणता वा अंग्रेजी भाषा शिक्षार्थीको स्थिति; वा व्यक्तिको वास्तविक वा कथित साझा पुर्ख्यौली वा जातीय विशेषताहरू लगायत उक्त विशेषताहरू प्रदर्शन गर्ने भनेर मानिएका हुन सक्ने धर्मको सदस्यता (जस्तै कि, हिन्दु, यहुदी, मुसलमान तथा सिख मानिसहरू) का आधारमा गरिने भेदभाव पर्दछ ।

**213.C. लिङ्गमा आधारित दुर्व्यवहार:** यौनसम्बन्धी रुढीवादी सोचमा आधारित मौखिक, साङ्केतिक वा शारीरिक आक्रमण, डरत्रास वा झैंझगडाका कार्यहरू पर्न सक्नेछन् । तसर्थ, पुरुषत्व वा नारीत्वसम्बन्धी रुढीवादी धारणाहरूलाई स्वीकार नगरेकोमा कुनै विद्यार्थीमाथि हुने दुर्व्यवहार लैङ्गिक भेदभाव हुन्छ । लिङ्गमा आधारित दुर्व्यवहारले शैक्षिक सहयोग, सुविधाहरू, सेवाहरू वा उपचार प्राप्त गर्ने विद्यार्थीको क्षमतालाई अस्वीकार गर्दा वा सीमित पार्दा उक्त आचरणले डिस्ट्रिक्टको नीति तथा/वा टाइटल IX को उल्लंघन गरेको मानिन सक्छ ।

**213.D. अपाङ्गतासम्बन्धी दुर्व्यवहार:** अपाङ्गताका आधारमा विद्यार्थीमाथि गरिने त्रासपूर्ण वा दुर्व्यवहारयुक्त व्यवहार जसले स्कुलको कार्यक्रममा सुविधा, सेवा वा अवसरहरूमा विद्यार्थीको सहभागिता वा प्राप्तिलाई बाधा पुर्याएर वा अस्वीकृत गरेर प्रतिकूल वातावरण निर्माण गर्छ । दुर्व्यवहारयुक्त आचरणहरूमा गाली-गलौज जस्ता मौखिक कार्यका साथसाथै भौतिक रूपमा धम्काउने, हानिकारक वा होच्याउने अश्लील तथा लिखित कथनहरू वा आचरण जस्ता गैर-मौखिक व्यवहार पर्न सक्नेछन् ।

**213.E. दुर्व्यवहारका अन्य स्वरूपहरू:** यौनजन्य दुर्व्यवहार, नश्लीय/जातीय दुर्व्यवहार, लिङ्गमा आधारित दुर्व्यवहार र अपाङ्गतासम्बन्धी दुर्व्यवहारको परिभाषालाई पूरा नगर्ने डिस्ट्रिक्टको बुलिङ/दुर्व्यवहारको निषेध नीतिलाई उल्लंघन गर्ने कुनै पनि कार्य ।

**214. कम्प्युटर/कम्प्युटर नेटवर्क/विद्युतीय डिभाइसहरूको दुरुपयोग:** डिस्ट्रिक्टको नेटवर्क उपयोग तथा सुरक्षा नीति, प्रत्येक स्कुलको कम्प्युटर प्रयोग गर्ने निर्देशिका वा मोबाइल कम्प्यूटिङ डिभाइस प्रोग्राम निर्देशिका र व्यक्तिगत डिभाइसहरू लगायत निम्नमा मात्र सीमित नहुने अन्य नीति, निर्देशिका, कार्यक्रम इत्यादिलाई उल्लंघन गर्ने कुनै पनि कार्यमा विद्यार्थी जानाजान संलग्न हुनुहुँदैन:

A. घृणा भरिएको मेल, भेदभावपूर्ण टिप्पणीका साथसाथै अपमानजनक तथा भड्काउ सञ्चारहरू जसले सुरक्षालाई स्पष्ट जोखिममा पार्छ ।

B. अश्लील वा पोर्नोग्राफिक सामग्रीहरू देखाउन वा तिनीहरूसम्म पहुँच बनाउनका लागि कुनै पनि विद्युतीय डिभाइस प्रयोग गर्ने ।

C. आफ्नै फोटोहरूसहित यौनलाई सङ्केत गर्ने भाषा वा फोटोहरूको ट्रान्समिसन (प्रसारण) गर्ने ।

D. नेटवर्क हार्डवेयर, सफ्टवेयर वा जानकारीमा नोक्सानी गर्ने वा तिनीहरूलाई परिमार्जित गर्ने वा तिनीहरूको दुरुपयोग गर्ने ।

E. लडाइँ, झगडाहरूको भिडियो बनाउने वा गोपनीयताको अपेक्षा राखिने ठाउँमा कसैको भिडियो बनाउने ।

F. नकारात्मक तरिकामा स्कुल समुदाय वा स्कुल समुदायभित्रका व्यक्तिहरूलाई असर पर्नेगरी सोसल मिडियामा विद्यार्थीको गलत आचरणका भिडियोहरू पोस्ट गर्ने ।

कम्प्युटर प्रयोग गर्दा हुने उल्लंघनहरूका लागि अनुशासनात्मक कार्यवाही अगाडि बढाउनुभन्दा पहिले सही भर्चुअल शिष्टाचारहरू सिकाइनेछ र ती शिष्टाचारलाई बढाइनेछ ।

**216. लडाइँ:** दुई विद्यार्थीहरू बीचमा शारीरिक हिंसाको प्रयोग जसमा छानबिन गरिसकेपछि कुन विद्यार्थी आक्रमणकारी र कुन विद्यार्थीले लडाइँ सुरु गरेको भनेर स्पष्ट हुँदैन ।

**217.A बुलिङ:** बुलिङ भनेको स्कुल वातावरणमा हुने अर्को विद्यार्थी वा अरू विद्यार्थीहरूमा लक्षित जानाजान गरिएको विद्युतीय, शाब्दिक, मौखिक वा शारीरिक कार्य वा विभिन्न कार्यहरूको शृंखला हो जोकि गम्भीर, निरन्तर वा व्यापक हुन्छ र जसलाई निम्न उद्देश्य वा असर प्राप्त गर्न गरिन्छ:

1. भयभीत पार्ने वा शत्रुतापूर्ण वातावरण सिर्जना गर्ने जसले धेरै हदसम्म विद्यार्थीको शिक्षामा बाधा पुर्याउँछ; वा
2. शारीरिक, भावनात्मक वा मानिसक रूपमा विद्यार्थीलाई हानि पुर्याउने; वा
3. शारीरिक वा भावनात्मक हानिको पर्याप्त डरमा विद्यार्थीलाई राख्ने; वा
4. व्यक्तिगत सम्पत्तिमा नोक्सानी हुने वा हराउने डरमा विद्यार्थीलाई राख्ने ।

**217.B. साइबरबुलिङ:** बुलिङमा सोसल नेटवर्किङ, इमेल, इन्स्टान्ट म्यासेज, टेक्स्ट म्यासेज, ट्विटस् (ट्विटरमार्फत), ब्लग, फोटो तथा भिडियो शेयरिङ, च्याट रुम, ड्यास बोर्ड तथा वेबसाइटहरू लगायत तिनीहरूमा मात्र सीमित नहुने विद्युतीय सञ्चार डिभाइसहरूमार्फत गरिने साइबरबुलिङ तथा/वा बुलिङ पर्दछ । यदि निश्चित मापदण्डहरू पूरा भएमा साइबरबुलिङमा स्कुलभन्दा बाहिर हुने कार्यहरू पनि पर्न सक्नेछन् ।

बुलिङ/दुर्व्यवहारको निषेधको पूर्ण नीति/उजुरी तथा छानबिन प्रक्रियाहरू डिस्ट्रिक्टको वेबसाइट www.pps.k12.pa.us/Page/481 र हरेक स्कुल तथा कक्षाकोठामा राखिएको छ ।

**218. हेजिङ:** हेजिङ त्यस्तो बेला हुन्छ जब कुनै व्यक्तिले सङ्गठन सुरु गर्न वा सङ्गठनमा विद्यार्थीलाई प्रवेश वा आबद्ध गराउनका लागि वा सङ्गठनलाई निरन्तरता दिन, सङ्गठनमा सदस्यता बढाउन वा सङ्गठनको हैसियत वृद्धि गर्नका लागि जानीजानी, थाहा पाउँदापाउँदै वा लापरवाहीले विद्यार्थीलाई देहाय मध्ये कुनै कार्य गर्न लगाउँछ, बाध्य बनाउँछ वा बल प्रयोग गर्छ:

1. सङ्घीय वा राज्यको फौजदारी कानुन उल्लंघन गर्न ।
2. विद्यार्थीलाई भावनात्मक वा शारीरिक हानि पुर्याउने जोखिम रहने कुनै पनि खानेकुरा, पेयपदार्थ, मदिराजन्य द्रव्य, लागूपदार्थ वा अन्य कुराहरू खान, पिउन वा सेवन गर्न ।
3. व्यक्तिको मानसिक स्वास्थ्य वा प्रतिष्ठामा प्रतिकूल असर गर्ने क्रियाकलाप, निद्राको कमी, सामाजिक सम्पर्कबाट बहिष्करण वा एकदमै लाजमर्दो बनाउने आचरण लगायत मानसिक प्रकृतिको निर्दयता सहन गर्न ।
4. यौनजन्य प्रकृतिको निर्दयता सहन गर्न ।
5. विद्यार्थीलाई शारीरिक चोटपटक लाग्ने मनासिब सम्भावना गराउने अन्य कुनै पनि क्रियाकलाप सहन गर्न ।

विद्यार्थीको सहमति खोजिएको वा प्राप्त गरिएको भए पनि, नभए पनि माथिका क्रियाकलापहरूलाई लागि हेजिङ मानिन्छ ।

**219.A. अपवित्र आचरण तथा अश्लीलता/भनाभन (विद्यार्थी):** अर्को विद्यार्थीलाई गालीगलौज गर्ने, सराप्ने, अश्लील इशाराहरू गर्ने वा मौखिक रूपमा अपमानजनक भाषा प्रयोग गर्ने ।

**219.B. अपवित्र आचरण तथा अश्लीलता/भनाभन (कर्मचारी):** कर्मचारीलाई गालीगलौज गर्ने, सराप्ने, अश्लील इशाराहरू गर्ने वा मौखिक रूपमा अपमानजनक भाषा प्रयोग गर्ने ।

**220. शारीरिक हमला/झगडा:** एक विद्यार्थीद्वारा अर्को व्यक्तिमाथि हिंसाको प्रयोग र त्यसमा स्कुल प्रशासकद्वारा निर्धारण गरिए अनुसार कुनै ठूलो चोटपटक नभएको तर शारीरिक हमलाका लागि स्पष्ट हमलाकारी वा आरम्भकर्ता रहेको छ ।

**221. आतंककारी धम्की:** अर्को व्यक्तिलाई आतंकित पार्ने; कुनै भवन, सभास्थल वा सार्वजनिक यातायातको सेवास्थललाई खाली गराउने; वा अन्य तरिकामा गम्भीर जन असुविधा गराउने, वा आतंक वा असुविधाले पार्ने जोखिमलाई बेवास्ता गर्दै आंतक वा गम्भीर जन असुविधा गर्ने उद्देश्यका साथ हिंसाको कुनै पनि अपराध गर्नका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्प्रेषण गरिएको धम्की ।

**222. अनुपयुक्त यौनजन्य व्यवहार:** आफ्नो गुप्ताङ, स्तन वा चाक देखाउने वा छुने वा अर्को व्यक्तिको यौन अङ्गहरूलाई देखाइदिने वा छुने । स्कुल हातामा यौनसम्पर्क, मुख मैथुनमा संलग्न हुने वा यौनकार्यको नक्कल गर्ने पनि पर्न सक्नेछ ।

**223. उपद्रव वा दङ्गाफसादका लागि उक्साउने:** व्यक्तिहरूको समूहहरूको बीचमा गम्भीर व्यवधान वा लडाइँ गराउने जसको परिणामस्वरूप व्यवधानलाई शान्त बनाउन स्कुलका धेरै कर्मचारीहरू संलग्न हुनुपर्छ ।

**225. धम्कीहरू/डरत्रास:** हिंसा गर्ने धम्की । यस उल्लंघन स्तरमा धम्कीहरूले पीडित तथा जनसुरक्षालाई न्यूनतम जोखिममा पार्छन् । धम्की अस्पष्ट तथा अप्रत्यक्ष छ; धम्कीभित्र रहेको जानकारी बेमेल, अविश्वसनीय वा यसमा विवरणको कमी छ; धम्कीमा यथार्थताको कमी छ; र धम्कीमा भएको विषयवस्तुले व्यक्तिले यसलाई गर्ने सम्भावना छैन भनेर सङ्केत गर्छ । धम्कीहरू मौखिक रूपमा, लिखितमा वा इशाराहरूबाट गर्न सकिन्छ ।

**226.A. स्कुल सम्पत्तिको चोरी, नकबजनी चोरी वा डकैती:** विद्यार्थीले स्कुलको सम्पत्ति चोरी गर्ने वा चोरी गर्ने प्रयास गर्ने वा फोरेर वा सेन काटेर नकबजनी चोरी गर्ने छैनन् ।

**226.B. निजी सम्पत्तिको चोरी, नकबजनी चोरी वा डकैती:** विद्यार्थीले अरू विद्यार्थीबाट चोरी गर्ने वा चोरी गर्ने प्रयास गर्ने वा निजी सम्पत्ति फोरेर वा सेन काटेर नकबजनी चोरी गर्ने छैनन् ।

# मार्गनिर्देशन सहयोगात्मक सेवाहरू/प्रक्रियाहरूको निरन्तरताका उदाहरणहरू (स्तर 2)

- पुनर्स्थापकीय अभ्यासहरूको प्रयोग (अर्थात्, भावनात्मक कथन, पुनर्स्थापकीय प्रश्न, वृत, तयारीबिना तत्कालै गरिने साना कन्फरेन्सहरू, औपचारिक पुनर्स्थापकीय कन्फरेन्स, इत्यादि) ।
- सहायताहरूको बहु-तहगत प्रणाली (MTSS) प्रक्रियामा रेफरल
- स्कुलभित्रको द्वन्द्व समाधान कार्यक्रमहरूमा रेफरल (उदाहरणका लागि, सहपाठी मध्यस्थता, पुनर्स्थापकीय कन्फरेन्सिङ)
- विद्यार्थी/शिक्षक कन्फ्रेन्स
- अभिभावक वा संरक्षक/शिक्षक कन्फरेन्स
- पुन: सिकाउने/अपेक्षाहरूको नमुना तयार गर्ने
- विद्यार्थी/प्रशासक कन्फरेन्स

• परामर्श कर्मचारीद्वारा सहयोगात्मक सेवा/मार्गनिर्देशन कन्फरेन्स

• लिखित रिफ्लेक्सन (चिन्तनमनन) असाइन्मेन्ट

• हरेक विद्यार्थीका लागि योजना टुलहरू (उदाहरणका लागि, व्यवहार सहायता योजना) निर्माण, समीक्षा तथा संशोधन गर्ने

• समयतालिका वा कक्षामा परिवर्तन (अभिभावक/संरक्षकलाई सूचनासहित)

• एकल/समूह परामर्श

• रोकथाम (उदाहरणका लागि, क्रोध-व्यस्थापन, आवेग प्रतिस्थापन, सङ्गठनात्मक सीपहरू जस्ता सामाजिक, भावनात्मक सीप शिक्षण समूहहरू) तथा/वा सहयोगात्मक सेवाहरू (उदाहरणका लागि, व्यवहारजन्य स्वास्थ्य परामर्श) का लागि विद्यार्थी सहयोग कार्यक्रम (SAP) मा रेफरल

• विद्यार्थी व्यवहार योजना

• मेन्टोरिङ कार्यक्रममा रेफरल

• डिस्ट्रिक्टद्वारा स्वीकृत समुदायमा आधारित संस्था (CBO) मा रेफरल

• सामुदायिक सेवा (अभिभावकको सहमतिबाट)

• स्कुल वा कक्षाकोठाबाट बाहिर राख्ने अनुशासनात्मक कार्यवाहीका अन्य उपयुक्त विकल्पहरू (त्यस्ता बाहिर राख्ने अनुशासनात्मक कार्यवाहीहरूमा डिटेन्सन, स्कुलभित्रको निलम्बन, स्कुलबाहिरको निलम्बन पर्दछन्)

# प्रयोग गरिएका मार्गनिर्देशन सहयोगात्मक सेवाहरूपछि वा तिनीहरूक अतिरिक्त सिफारिस गरिएका अनुशासनात्मक कार्यवाहीहरूका उदाहरणहरू (स्तर 2)

• **डिटेन्सन:** स्कुल लाग्ने समयभन्दा बाहिर स्कुलको निश्चित स्थानमा बस्न लगाउने (उदाहरणका लागि, स्कुलभन्दा पहिले, स्कुलपछि वा स्कुल नलाग्ने दिनमा)

• **स्कुलभित्रको निलम्बन:** कक्षाहरूबाट बाहिर राख्ने र तोकिएको सिकाइ स्थानमा बस्न लगाउने। प्रत्येक स्कुलको PBIS प्रणाली अनुसार निश्चित स्थानमा बस्न लगाइने कार्यलाई “स्कुलभित्रको निलम्बन” बाहेक अर्को नाम पनि दिइएको हुन सक्नेछ। स्कुलभित्रको निलम्बनलाई स्टुडेन्ट सपोर्ट सर्भिसेजका लागि सुपरिटेन्डेन्ट र सहायक सुपरिटेन्डेन्टद्वारा जारी गरिएको प्रशासनिक मार्गनिर्देशन अनुसार मात्र तोक्न सकिनेछ।

• स्कुलबाहिरको निलम्बनका अन्य उपयुक्त विकल्पहरू

• स्थलगत भ्रमण, एसेम्बली (भेला) वा अन्य विशेषाधिकारहरूको निलम्बन

• स्कुलबाहिरको निलम्बनका अन्य उपयुक्त विकल्पहरू

• यातायात विशेषाधिकारहरूको निलम्बन

• विशेष कार्यक्रम वा प्रवर्द्धन अभ्यासहरूबाट बाहिर राख्ने

• छोटो समयका लागि स्कुलबाहिरको निलम्बन (1-3 दिन)

# स्तर 3 का कार्यहरू

**स्तर 3 का कार्यहरू गम्भीर प्रकृतिका हुन्छन्** र तिनीहरू हुँदा कुनै व्यक्तिको स्वास्थ्य, सुरक्षा वा सम्पत्तिलाई खतरामा पर्ने अपेक्षा गर्न सकिन्छ । स्तर 3 का कार्यहरू हुँदा प्रशासकलाई सूचित गरिन्छ । स्तर 3 को कुनै पनि कार्यका लागि विद्यार्थीहरूलाई निलम्बन गर्न सकिनेछ । इटालिक्समा सूचिकृत कार्यहरूका लागि स्कुल संहिताको दफा 1303-A(b) and 22 Pa. संहिताको दफा 10.22 बमोजिम स्कुल प्रहरीलाई अनिवार्य सूचना पठाइन्छ ।

**302.A. स्कुल सम्पत्तिको नोक्सानी, क्षति वा तोडफोड:** विद्यार्थीले जानीजानी स्कुलको सम्पत्तिलाई नोक्सानी गर्ने वा नोक्सानी गर्ने प्रयास गर्ने वा स्कुलको सम्पत्तिलाई चोरी गर्ने वा चोरी गर्ने प्रयास गर्ने छैनन् । यस उल्लंघन स्तरमा नोक्सानी, क्षति वा चोरी एकसय डलर ($100) भन्दा बढीको हुन्छ ।

**302.B. निजी सम्पत्तिको नोक्सानी, क्षति वा तोडफोड:** विद्यार्थीले जानीजानी निजी सम्पत्तिलाई धेरै नोक्सानी गर्ने वा नोक्सानी गर्ने प्रयास गर्ने वा निजी सम्पत्तिलाई चोरी गर्ने वा चोरी गर्ने प्रयास गर्ने छैनन् । मूल्यवान निजी सम्पत्तिलाई स्कुलमा ल्याइनुहुँदैन । यस उल्लंघन स्तरमा नोक्सानी, क्षति वा चोरी एकसय डलर ($100) भन्दा बढीको हुन्छ ।

**307. गाँजा, पाराफर्नेलिया तथा मदिराका कम गम्भीर कसुरहरू लगायत लागूपदार्थहरू:** विद्यार्थीले कुनै पनि प्रकारको कुनै पनि नशालु पदार्थलाई साथमा राख्ने, प्रयोग गर्ने, वितरण गर्न वा त्यसको प्रभावमा हुने छैनन् । यद्यपि, स्कुल बाहिर राख्ने अनुशासनात्मक कार्यवाहीलाई कम गर्न पृष्ठ 15 मा रहेको लागूपदार्थ कसुर वर्गीकरण अनुसार कसुरको गम्भीरताका आधारमा लागूपदार्थहरूको व्यस्थापनका लागि तह-व्यवस्थित प्रतिकार्यको संक्षिप्त विवरण दिइएको छ । नियम 307 का उल्लंघनहरूमा एउटै स्कुल वर्षमा 5 ग्रामभन्दा कम तौलको गाँजा, मदिरा तथा पाराफर्नेलिया साथमा राख्दा पहिलोपटक हुने कसुरहरू पर्दछन् । कृपया ध्यान दिनुहोस् कि दर्तावाल चिकित्सकबाट मेडिकल प्रेसक्रिप्सनद्वारा मन्जुरी दिइएको लागूपदार्थ त्यसलाई प्रेस्काइब (सिफारिस) गरिएको विद्यार्थीले प्रयोग गरेमा त्यसलाई यस नियमको उल्लंघन मानिने छैन तर त्यो डिस्ट्रिक्टको औषधिहरूको प्रयोग (Use of Medications) को नीतिको उल्लंघन भने हुन सक्नेछ । औषधिहरूको प्रयोगको नीतिलाई पालना गर्न असफल हुँदा त्यसले स्कुलको अनुशासनात्मक कार्यवाहीको परिणाम पनि ल्याउन सक्नेछ ।

**313. दुर्व्यवहार:** जाति, वर्ण, उमेर, सम्प्रदाय, धर्म, लिङ्ग (लैङ्गिक पहिचान वा अभिव्यक्ति लगायत), यौनिक झुकाव, पुर्खा, राष्ट्रिय मूल, वैवाहिक स्थिति, गर्भावस्था वा अपाङ्गताका आधारमा गरिने भेदभावको एक स्वरूप हो जसमा अप्रिय आचरण वा त्यस्तो कुनै पनि अन्य आचरण पर्दछ जो पर्याप्त रूपमा गम्भीर, लगातार वा व्यापक हुँदा र उजुरीकर्ताको ठाउँमा रहेको कुनै पनि ज्ञानवान व्यक्तिले त्यसले डरत्रास, धम्कीपूर्ण वा दुर्व्यवहारयुक्त शैक्षिक वातावरण बनाउनेछ भन्ने पाउँदा उक्त आचरण हानिकारक वा अपमानजनक हुन सक्नेछ वा कुनै व्यक्तिको स्कुल वा स्कुलसँग सम्बन्धित प्रदर्शनलाई अवरोध गर्न सक्नेछ ।

**दुर्व्यवहारका विशिष्ट उल्लंघनहरूलाई निम्नानुसार थप परिभाषित गरिएको छ:**

**313.A. यौनजन्य दुर्व्यवहार:** यौनको आधारमा गरिने आचरण जोकि अप्रिय हुनुका साथसाथै कुनै पनि ज्ञानवान व्यक्तिद्वारा सो आचरण डिस्ट्रिक्टको कार्यक्रममा व्यक्तिलाई समान पहुँचबाट वञ्चित गराउनेगरी एकदमै गम्भीर, व्यापक तथा पूर्ण रूपमा अपमानजनक हुन्छ भनेर निर्धारण गरिएको हुन्छ । माथिल्लो तहका कर्मचारीले तल्लो तहका कर्मचारी वा विद्यार्थी वा अन्य मानिसलाई सहयोग, सुविधा वा सेवाको सट्टामा अप्रिय यौनजन्य आचरण गर्न लगाउने यौनजन्य आचरणलाई पनि डिस्ट्रिक्टको नीतिद्वारा समेटिएको हुन्छ । डिस्ट्रिक्टको नीतिद्वारा परिभाषित गरे अनुसार यौनजन्य आक्रमण, डेटिङ हिंसा, घरेलु हिंसा र पछ्याउने कार्य पनि यौनजन्य दुर्व्यवहारका प्रकारहरू हुन् ।

**313.B. नश्लीय/जातीय दुर्व्यवहार:** जाति, वर्ण वा राष्ट्रिय मूलक आधारमा गरिने भेदभावमा व्यक्तिको वास्तविक वा कथित जाति, वर्ण, राष्ट्रिय मूल, जातीयता वा पुर्खाका आधारमा गरिने भेदभाव पर्दछ । यसमा देश, विश्व क्षेत्र वा व्यक्ति वा उनको पुर्खाहरू आएको ठाउँ; व्यक्तिको सीमित अंग्रेजी प्रवीणता वा अंग्रेजी भाषा शिक्षार्थीको स्थिति; वा व्यक्तिको वास्तविक वा कथित साझा पुर्ख्यौली वा जातीय विशेषताहरू लगायत उक्त विशेषताहरू प्रदर्शन गर्ने भनेर मानिएका हुन सक्ने धर्मको सदस्यता (जस्तै कि, हिन्दु, यहुदी, मुसलमान तथा सिख मानिसहरू) का आधारमा गरिने भेदभाव पर्दछ ।

**313.C. लिङ्गमा आधारितदुर्व्यवहार:** यौनसम्बन्धी रुढीवादी सोचमा आधारित मौखिक, साङ्केतिक वा शारीरिक आक्रमण, डरत्रास वा झैंझगडाका कार्यहरू पर्न सक्नेछन् । तसर्थ, पुरुषत्व वा नारीत्वसम्बन्धी रुढीवादी धारणाहरूलाई स्वीकार नगरेकोमा कुनै विद्यार्थीमाथि हुने दुर्व्यवहार लैङ्गिक भेदभाव हुन्छ ।

लिङ्गमा आधारित दुर्व्यवहारले शैक्षिक सहयोग, सुविधाहरू, सेवाहरू वा उपचार प्राप्त गर्ने विद्यार्थीको क्षमतालाई अस्वीकार गर्दा वा सीमित पार्दा उक्त आचरणले डिस्ट्रिक्टको नीति तथा/वा टाइटल IX को उल्लंघन गरेको मानिन सक्छ ।

**313.D. अपाङ्गतासम्बन्धी दुर्व्यवहार:** अपाङ्गताका आधारमा विद्यार्थीमाथि गरिने त्रासपूर्ण वा दुर्व्यवहारयुक्त व्यवहार जसले स्कुलको कार्यक्रममा सुविधा, सेवा वा अवसरहरूमा विद्यार्थीको सहभागिता वा प्राप्तिलाई बाधा पुर्याएर वा अस्वीकृत गरेर प्रतिकूल वातावरण निर्माण गर्छ । दुर्व्यवहारयुक्त आचरणहरूमा गाली-गलौज जस्ता मौखिक कार्यका साथसाथै भौतिक रूपमा धम्काउने, हानिकारक वा होच्याउने अश्लील तथा लिखित कथनहरू वा आचरण जस्ता गैर-मौखिक व्यवहार पर्न सक्नेछन् ।

**313.E. दुर्व्यवहारका अन्य स्वरूपहरू:** यौनजन्य दुर्व्यवहार, नश्लीय/जातीय दुर्व्यवहार, लिङ्गमा आधारित दुर्व्यवहार र अपाङ्गतासम्बन्धी दुर्व्यवहारको परिभाषालाई पूरा नगर्ने डिस्ट्रिक्टको बुलिङ/दुर्व्यवहारको निषेध नीतिलाई उल्लंघन गर्ने कुनै पनि कार्य ।

**314. कम्प्युटर/कम्प्युटर नेटवर्क/विद्युतीय डिभाइसहरूको दुरुपयोग:** डिस्ट्रिक्टको नेटवर्क उपयोग तथा सुरक्षा नीति, प्रत्येक स्कुलको कम्प्युटर प्रयोग गर्ने निर्देशिका वा मोबाइल कम्प्यूटिङ डिभाइस प्रोग्राम निर्देशिका र व्यक्तिगत डिभाइसहरू लगायत निम्नमा मात्र सीमित नहुने अन्य नीति, निर्देशिका, कार्यक्रम इत्यादिलाई उल्लंघन गर्ने कुनै पनि कार्यमा विद्यार्थी संलग्न हुनुहुँदैन:

A. घृणा भरिएको मेल, भेदभावपूर्ण टिप्पणीका साथसाथै अपमानजनक तथा भड्काउ सञ्चारहरू जसले सुरक्षालाई स्पष्ट जोखिममा पार्छ ।

B. अश्लील वा पोर्नोग्राफिक सामग्रीहरू देखाउन वा तिनीहरूसम्म पहुँच बनाउनका लागि कुनै पनि विद्युतीय डिभाइस प्रयोग गर्ने ।

C. आफ्नै फोटोहरूसहित यौनलाई सङ्केत गर्ने भाषा वा फोटोहरूको ट्रान्समिसन (प्रसारण) गर्ने ।

D. नेटवर्क हार्डवेयर, सफ्टवेयर वा जानकारीमा नोक्सानी गर्ने वा तिनीहरूलाई परिमार्जित गर्ने वा तिनीहरूको दुरुपयोग गर्ने ।

E. लडाइँ, झगडाहरूको भिडियो बनाउने वा गोपनीयताको अपेक्षा राखिने ठाउँमा कसैको भिडियो बनाउने ।

F. नकारात्मक तरिकामा स्कुल समुदाय वा स्कुल समुदायभित्रका व्यक्तिहरूलाई असर पर्नेगरी सोसल मिडियामा विद्यार्थीको गलत आचरणका भिडियोहरू पोस्ट गर्ने ।

कम्प्युटर प्रयोग गर्दा हुने उल्लंघनहरूका लागि अनुशासनात्मक कार्यवाही अगाडि बढाउनुभन्दा पहिले सही भर्चुअल शिष्टाचारहरू सिकाइनेछ र ती शिष्टाचारलाई बढाइनेछ ।

**317.A बुलिङ:** बुलिङ भनेको स्कुल वातावरणमा हुने अर्को विद्यार्थी वा अरू विद्यार्थीहरूमा लक्षित जानाजान गरिएको विद्युतीय, शाब्दिक, मौखिक वा शारीरिक कार्य वा विभिन्न कार्यहरूको शृंखला हो जोकि गम्भीर, निरन्तर वा व्यापक हुन्छ र जसलाई निम्न उद्देश्य वा असर प्राप्त गर्न गरिन्छ:

1. भयभीत पार्ने वा शत्रुतापूर्ण वातावरण सिर्जना गर्ने जसले धेरै हदसम्म विद्यार्थीको शिक्षामा बाधा पुर्याउँछ; वा

2. शारीरिक, भावनात्मक वा मानिसक रूपमा विद्यार्थीलाई हानि पुर्याउने; वा

3. शारीरिक वा भावनात्मक हानिको पर्याप्त डरमा विद्यार्थीलाई राख्ने; वा

4. व्यक्तिगत सम्पत्तिमा नोक्सानी हुने वा हराउने डरमा विद्यार्थीलाई राख्ने ।

**317B. साइबरबुलिङ:** बुलिङमा सोसल नेटवर्किङ, इमेल, इन्स्टान्ट म्यासेज, टेक्स्ट म्यासेज, ट्विटस् (ट्विटरमार्फत), ब्लग, फोटो तथा भिडियो शेयरिङ, च्याट रुम, ड्यास बोर्ड तथा वेबसाइटहरू लगायत तिनीहरूमा मात्र सीमित नहुने विद्युतीय सञ्चार डिभाइसहरूमार्फत गरिने साइबरबुलिङ तथा/वा बुलिङ पर्दछ । यदि निश्चित मापदण्डहरू पूरा भएमा साइबरबुलिङमा स्कुलभन्दा बाहिर हुने कार्यहरू पनि पर्न सक्नेछन् ।

बुलिङ/दुर्व्यवहारको निषेधको पूर्ण नीति/उजुरी तथा छानबिन प्रक्रियाहरू डिस्ट्रिक्टको वेबसाइट www.pps.k12.pa.us/Page/481 र हरेक स्कुल तथा कक्षाकोठामा राखिएको छ ।

**318. हेजिङ:** हेजिङ त्यस्तो बेला हुन्छ जब कुनै व्यक्तिले सङ्गठन सुरु गर्न वा सङ्गठनमा विद्यार्थीलाई प्रवेश वा आबद्ध गराउनका लागि वा सङ्गठनलाई निरन्तरता दिन, सङ्गठनमा सदस्यता बढाउन वा सङ्गठनको हैसियत वृद्धि गर्नका लागि जानीजानी, थाहा पाउँदापाउँदै वा लापरवाहीले विद्यार्थीलाई देहाय मध्ये कुनै कार्य गर्न लगाउँछ, बाध्य बनाउँछ वा बल प्रयोग गर्छ:

1. सङ्घीय वा राज्यको फौजदारी कानुन उल्लंघन गर्न ।

2. विद्यार्थीलाई भावनात्मक वा शारीरिक हानि पुर्याउने जोखिम रहने कुनै पनि खानेकुरा, पेयपदार्थ, मदिराजन्य द्रव्य, लागूपदार्थ वा अन्य कुराहरू खान, पिउन वा सेवन गर्न ।

3. व्यक्तिको मानसिक स्वास्थ्य वा प्रतिष्ठामा प्रतिकूल असर गर्ने क्रियाकलाप, निद्राको कमी, सामाजिक सम्पर्कबाट बहिष्करण वा एकदमै लाजमर्दो बनाउने आचरण लगायत मानसिक प्रकृतिको निर्दयता सहन गर्न ।

4. यौनजन्य प्रकृतिको निर्दयता सहन गर्न ।

5. विद्यार्थीलाई शारीरिक चोटपटक लाग्ने मनासिब सम्भावना गराउने अन्य कुनै पनि क्रियाकलाप सहन गर्न ।

माथि वर्णन गरिएका कुनै पनि क्रियाकलापको लागि विद्यार्थीको सहमति खोजिएको वा प्राप्त गरिएको जे-जस्तो भएतापनि त्यसलाई उल्लंघन भएको मानिनेछ ।

**321. आतंककारी धम्की:** अर्को व्यक्तिलाई आतंकित पार्ने; कुनै भवन, सभास्थल वा सार्वजनिक यातायातको सेवास्थललाई खाली गराउने; वा अन्य तरिकामा गम्भीर जन असुविधा गराउने, वा आतंक वा असुविधाले पार्ने जोखिमलाई बेवास्ता गर्दै आंतक वा गम्भीर जन असुविधा गर्ने उद्देश्यका साथ हिंसाको कुनै पनि अपराध गर्नका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्प्रेषण गरिएको धम्की ।

**322. यौनजन्य कार्य/गलत आचरण:** यस उल्लंघन स्तरमा स्कुल हातामा यौनसम्पर्क, मुख मैथुनमा संलग्न हुने वा यौनकार्यको नक्कल गर्ने यौनजन्य गलत आचरण पर्दछन् ।

**323. उपद्रव वा दङ्गाफसादका लागि उक्साउने:** व्यक्तिहरूको समूहहरूको बीचमा गम्भीर व्यवधान वा लडाइँ गराउने जसको परिणामस्वरूप व्यवधानलाई शान्त बनाउन स्कुलका धेरै कर्मचारी र स्कुलका सुरक्षा कर्मचारीहरू संलग्न हुनुपर्छ ।

**326.A. स्कुल सम्पत्तिको चोरी, नकबजनी चोरी वा डकैती:** विद्यार्थीले स्कुलको सम्पत्ति चोरी गर्ने वा चोरी गर्ने प्रयास गर्ने वा फोरेर वा सेन काटेर नकबजनी चोरी गर्ने छैनन् । यस उल्लंघन स्तरमा चोरी, नकबजनी चोरी वा डकैती $100 भन्दा बढीको हुन्छ ।

**326.B. विद्यार्थीको वा निजी सम्पत्तिको चोरी, नकबजनी चोरी वा डकैती:** विद्यार्थीले अरू विद्यार्थीबाट चोरी गर्ने वा चोरी गर्ने प्रयास गर्ने वा निजी सम्पत्ति फोरेर वा सेन काटेर नकबजनी चोरी गर्ने छैनन् । यस उल्लंघन स्तरमा चोरी, नकबजनी चोरी वा डकैती $100 भन्दा बढीको हुन्छ ।

# मार्गनिर्देशन सहयोगात्मक सेवाहरू/प्रक्रियाहरूको निरन्तरताका उदाहरणहरू (स्तर 3)

• पुनर्स्थापकीय अभ्यासहरूको प्रयोग (अर्थात्, भावनात्मक कथन, पुनर्स्थापकीय प्रश्न, वृत, तयारीबिना तत्काले गरिने साना कन्फरेन्सहरू, औपचारिक पुनर्स्थापकीय कन्फरेन्स, इत्यादि)

• सहायताहरूको बहु-तहगत प्रणाली (MTSS) प्रक्रियामा रेफरल

• स्कुलभित्रको द्वन्द्व समाधान कार्यक्रमहरूमा रेफरल (उदाहरणका लागि, सहपाठी मध्यस्थता, पुनर्स्थापकीय कन्फरेन्सिङ)

• विद्यार्थी/शिक्षक कन्फरेन्स

• अभिभावक वा संरक्षक/शिक्षक कन्फरेन्स

• पुन: सिकाउने/अपेक्षाहरूको नमुना तयार गर्ने

• विद्यार्थी/प्रशासक कन्फरेन्स

• परामर्श कर्मचारीद्वारा सहयोगात्मक सेवा/मार्गनिर्देशन कन्फरेन्स

• लिखित रिफ्लेक्सन (चिन्तनमनन) असाइन्मेन्ट

• हरेक विद्यार्थीका लागि योजना टुलहरू (उदाहरणका लागि, व्यवहार सहायता योजना) निर्माण, समीक्षा तथा संशोधन गर्ने

• समयतालिका वा कक्षामा परिवर्तन (अभिभावक/संरक्षकलाई सूचनासहित)

• एकल/समूह परामर्श

• रोकथाम (उदाहरणका लागि, क्रोध-व्यस्थापन, आवेग प्रतिस्थापन, सङ्गठनात्मक सीपहरू जस्ता सामाजिक, भावनात्मक सीप शिक्षण समूहहरू) तथा/वा सहयोगात्मक सेवाहरू (उदाहरणका लागि, व्यवहारजन्य स्वास्थ्य परामर्श) का लागि विद्यार्थी सहयोग कार्यक्रम (SAP) मा रेफरल

• विद्यार्थी व्यवहार योजना

• मेन्टोरिङ कार्यक्रममा रेफरल

• डिस्ट्रिक्टद्वारा स्वीकृत समुदायमा आधारित संस्था (CBO) मा रेफरल

• सामुदायिक सेवा (अभिभावकको सहमतिबाट)

• सकारात्मक व्यवहारजन्य व्यवस्थापन सहायता करार

• मदिरा/लागूपदार्थ मूल्याङ्कन रेफरल

• स्कुल वा कक्षाकोठाबाट बाहिर राख्ने अनुशासनात्मक कार्यवाहीका अन्य उपयुक्त विकल्पहरू (त्यस्ता बाहिर राख्ने अनुशासनात्मक कार्यवाहीहरूमा डिटेन्सन, स्कुलभित्रको निलम्बन, स्कुलबाहिरको निलम्बन पर्दछन्)

# प्रयोग गरिएका मार्गनिर्देशन सहयोगात्मक सेवाहरूका अतिरिक्त सिफारिस गरिएका अनुशासनात्मक कार्यवाहीहरूका उदाहरणहरू (स्तर 3)

• स्थलगत भ्रमण, एसेम्बली (भेला) वा अन्य विशेषाधिकारहरूको निलम्बन

• अतिरिक्त क्रियाकलापहरूबाट बाहिर राख्ने

यातायात विशेषाधिकारहरूको निलम्बन

• विशेष कार्यक्रम वा प्रवर्द्धन अभ्यासहरूबाट बाहिर राख्ने

• स्कुल प्रहरीमा रेफरल तथा परामर्श

• स्कुलबाहिरको निलम्बन (4–10 दिन)

# स्तर 4 का कार्यहरू

**स्तर 4 का कार्यहरू गम्भीर प्रकृतिका हुन्छन्** र तिनीहरूले कुनै व्यक्तिको स्वास्थ्य, सुरक्षा वा सम्पत्तिलाई खतरामा पार्न सक्नेछन् । स्तर 4 को कार्य हुँदा अनुशासनसम्बन्धी रेफरल वा घटनालाई वर्णन गर्ने बयानको स्वरूपमा प्रशासकलाई अनिवार्य रूपमा सूचित गरिनुपर्छ । स्तर 4 का कार्यहरूका लागि विद्यार्थीहरूलाई निलम्बन वा निष्कासन गर्न सकिनेछ । कुटपिट, गम्भीर किसिमको कुटपिट वा हातहतियारको आरोपमा कार्यवाही अगाडि बढाउनुभन्दा पहिले स्कुल प्रशासकहरूले तोकिएका सहायक सुपरिटेन्डेन्टसँग अनिवार्य छलफल गर्नुपर्छ । इटालिक्समा सूचिकृत कार्यहरूका लागि स्कुल संहिताको दफा 1303-A(b) and 22 Pa. संहिताको दफा 10.22 बमोजिम स्कुल प्रहरीलाई अनिवार्य सूचना पठाइन्छ ।

**404. स्कुलका कर्मचारीमाथि कुटपिट*:** स्कुलका कर्मचारी वा कन्ट्र्याक्टरको विरुद्धमा विद्यार्थी निम्न कार्यहरू मध्ये कुनै पनि कार्यमा संलग्न हुँदा: (1) शारीरिक रूपमा रिस उठाउने कार्यबिना नै स्कुलको कर्मचारीलाई शारीरिक चोटपटक लगाउने प्रयास गर्छन् वा जानीजानी, थाहा पाउँदापाउँदै वा लापरवाहीले शारीरिक चोटपटक लगाउँछन्; (2) असावधानीको कारणले जोखिमी हतियारले शारीरिक चोटपटक लगाउँछन्; वा (3) अर्को व्यक्तिलाई शारीरिक धम्कीद्वारा तत्कालै गम्भीर शारीरिक चोटपटक लगाउने डरमा राख्ने प्रयास गर्छन् ।

**405.A. विद्यार्थी वा स्कुलले रोजगारीमा नलगाएको अन्य व्यक्तिमाथि कुटपिट*:** विद्यार्थीले जानाजान र रिस उठाउने कार्यबिना नै अर्को विद्यार्थी वा स्कुलले रोजगारीमा नलगाएको अन्य व्यक्तिलाई हिर्काउँदा, मुक्का वा लात्ताले हान्दा । कुटपिटको परिभाषालाई पूरा नगर्ने अन्य शारीरिक आचरण लडाइँ, बुलिङ तथा/वा दुर्व्यवहार विरुद्धको निषेधअन्तर्गत पर्न सक्नेछन् ।

**405.B. विद्यार्थी वा स्कुलले रोजगारीमा नलगाएको अन्य व्यक्तिमाथि गम्भीर किसिमको कुटपिट*:** निम्न अवस्थामा कुटपिट भएको हुन्छ: विद्यार्थीले (1) अर्को व्यक्तिलाई गम्भीर शारीरिक चोटपटक लगाउने प्रयास गर्छन् वा मानव जीवनको मूल्यप्रति अत्यधिक उदासीनता देखाउने परिस्थितिहरूमा जानीजानी, थाहा पाउँदापाउँदै वा लापरवाहीले त्यस्तो चोटपटक लगाउँछन्; (2) जोखिमी हतियारले अर्को व्यक्तिलाई शारीरिक चोटपटक लगाउने प्रयास गर्छन्, वा जानीजानी वा थाहा पाउँदापाउँदै त्यस्तो चोटपटक लगाउँछन् ।

**406. हातहतियार तथा खतरनाक उपकरणहरू*:**विद्यार्थीले स्कुल परिसर तथा सम्पत्तिमा कहीं पनि हुँदा, स्कुलद्वारा प्रायोजित वा स्वीकृत कुनै पनि क्रियाकलापमा हुँदा वा कुनै पनि तरिकामा स्कुल वा स्कुलद्वारा प्रायोजित वा स्वीकृत कार्यक्रममा हिँडेर वा गाडीमा आउँजाउँ गर्दा हातहतियार साथमा राख्ने, चलाउने वा अरूलाई दिने गर्ने छैनन् ।

A. "हातहतियार" मा कुनै पनि प्रकारको चक्कु, काट्ने उपकरण, काट्ने औजार, विष्फोटक, नानचाकु, बन्दुक, शटगन, राइफल, हतियारको रेप्लिका (प्रतिरूप) तथा/वा गम्भीर शारीरिक चोटपटक लगाउन सक्षम अन्य कुनै पनि औजार, उपकरण वा साधन पर्दछन् तर ती यिनीहरूमा मात्र सीमित हुँदैन । मेस वा पेपर स्प्रेलाई छोड्दा वा छोड्ने धम्की दिँदा गम्भीर शारीरिक चोटपटक लगाउन सक्षम अन्य कुनै पनि औजार, उपकरण वा साधनको रूपमा हतियार मानिनेछ । यस नियमको उल्लंघनका लागि अनुशासनात्मक परिणाम जारी गर्नुभन्दा पहिले स्कुलहरूले अफिस अफ स्टुडेन्ट सपोर्ट सर्भिसेजसँग गम्भीर शारीरिक चोटपटक लगाउन सक्षम औजार, उपकरण वा साधनको रूपमा मान्न सकिने अन्य कुनै पनि वस्तुका

बारेमा परामर्श गर्नेछ । कुनै वस्तु हातहतियार हो कि होइन भनेर निर्धारण गर्दा स्कुलहरूले सो वस्तुको व्यावहारिक वा कार्यात्मक उद्देश्य के हुन्छ भनेर अनिवार्य सोचविचार गर्नुपर्छ । विद्यार्थीले कुनै वस्तुलाई प्रयोग गरेको तरिकाले नै अन्य कुनै गैर-हतियारलाई हतियारमा परिवर्तन गर्दैन ।

B. सक्कली झैं देखिने (लुक-अलाइक) र रेप्लिका हातहतियारलाई त्यस्ता खेलौना वा नमुना हतियारको रूपमा परिभाषित गरिएको छ जुन हेर्दा सक्कली हतियार झैं देखिन्छ र झुक्किने गरिन्छ । सक्कली झैं देखिने हतियारलाई कुनै कर्मचारी वा अन्य विद्याथीलाई सक्कल हतियार झैं देखाउने वा त्यसलाई अरू कसैलाई भयभित बनाउन, धम्की दिन वा दुर्व्यवहार गर्न प्रयोग गर्ने कुनै पनि विद्यार्थीलाई राज्य तथा सङ्घीय कानुनहरू अनुसार उनले सक्कल हतियार प्रयोग गरिएको झैं कार्यवाही गरिनेछ । (24 P.S.§ 13-1317.2) । PPS सँग हतियारहरूको रेप्लिकाका लागि विद्यार्थीहरूमाथि अनुशासनात्मक कार्यवाही गर्ने अधिकार हुन्छ तर त्यसलाई धारा 26 अन्तर्गत एक (1) वर्षको निष्कासन आवश्यक पर्दैन ।

*कुटपिट, गम्भीर किसिमको कुटपिट वा हातहतियारको आरोपमा कार्यवाही अगाडि बढाउनुभन्दा पहिले स्कुल प्रशासकहरूले तोकिएका सहायक सुपरिटेन्डेन्ट र अफिस अफ स्टुडेन्ट सपोर्ट सर्भिसेजसँग अनिवार्य छलफल गर्नुपर्छ ।

**407. मदिरा वा लागूपदार्थ साथमा राख्ने, प्रयोग गर्ने वा त्यसको प्रभावमा हुने:** विद्यार्थीले कुनै पनि प्रकारको कुनै पनि नशालु पदार्थलाई साथमा राख्ने, प्रयोग गर्ने, वितरण गर्ने वा त्यसको प्रभावमा हुने छैनन् । यद्यपि, स्कुल बाहिर राख्ने अनुशासनात्मक कार्यवाहीलाई कम गर्न त्यसपछिको पृष्ठ(हरू) मा रहेको लागूपदार्थ कसुर वर्गीकरण अनुसार कसुरको गम्भीरताका आधारमा लागूपदार्थहरूको व्यस्थापनका लागि तह-व्यवस्थित प्रतिकार्यको संक्षिप्त विवरण दिइएको छ । यसमा सबै लागूपदार्थहरू साथमा राख्ने; वितरण गर्ने मनसायको न्यूनतम सीमा रेखा पार गर्ने लागूपदार्थको उच्च परिणाम; 5 ग्रामभन्दा बढी परिणामको गाँजा र एउटै स्कुल वर्षमा गाँजा तथा मदिराको दोहोरिएका कसुरहरू पर्दछन् ।

कृपया ध्यान दिनुहोस् कि दर्तावाल चिकित्सकबाट मेडिकल प्रेसक्रिप्सनद्वारा मन्जुरी दिइएको लागूपदार्थ त्यसलाई प्रेस्काइब (सिफारिस) गरिएको विद्यार्थीले प्रयोग गरेमा त्यसलाई यस नियमको उल्लंघन मानिने छैन तर त्यो डिस्ट्रिक्टको औषधिहरूको प्रयोग (Use of Medications) को नीतिको उल्लंघन भने हुन सक्नेछ । औषधिहरूको प्रयोगको नीतिलाई पालना गर्न असफल हुँदा त्यसले स्कुलको अनुशासनात्मक कार्यवाहीको परिणाम पनि ल्याउन सक्नेछ ।

स्कुल बाहिर राख्ने अनुशासनात्मक कार्यवाहीलाई कम गर्नका लागि प्रक्रियालाई सुधार गर्ने कार्यलाई निरन्तरता दिने डिस्ट्रिक्टको प्रयासहरूको हिस्साको रूपमा लागूपदार्थ तथा मदिराको उल्लंघनहरूमा प्रशासनिक प्रतिकार्यहरूका लागि टायर्ड (तहगत) प्रक्रिया अपनाइएको छ ।

**तलका तहगत प्रतिकार्यसँग सम्बन्धित परिभाषाहरू देहायको पृष्ठमा छन् ।**

• **लागूपदार्थ:** नियन्त्रित वस्तु ऐन (Controlled Substances Act) (21 U.S.C. § 812) को अनुसूची I देखि V सम्म मा परिभाषित गरिए अनुसार तथा नियमावलीद्वारा 21 C.F.R. भाग 1308.11 देखि भाग 1308.15 सम्म थप परिभाषित गरिए अनुसार वा नियन्त्रित वस्तु, लागूपदार्थ, डिभाइस तथा कस्मेटिक ऐन (Controlled Substance, Drug, Device and Cosmetic Act) (35 P.S. §780-101), पेन्सलभेनिया लागूपदार्थ तथा मदिरा दुर्व्यवहार नियन्त्रण ऐन (Pennsylvania Drug and Alcohol Abuse Control Act) (71 P.S. §1690.101) (संयुक्त रूपमा "ऐनहरू") वा ऐनहरूसँग सम्बन्धित कुनै पनि नियमावली वा त्यसपछिका कुनै पनि अनुक्रमिक विधान वा नियमावलीहरूमा परिभाषित गरिए अनुसार कुनै पनि लागूऔषध, हलुसिनोजेनिक लागूपदार्थ, एम्फिटामाइन, बार्बिच्यूरेट्स, भ्रमित पार्ने वा मात लगाउने असर पार्ने अन्य मादकपदार्थ वा वस्तु, डिजाइनर लागूपदार्थ, अनाबोलिक स्टेरोइड वा अन्य कुनै पनि नियन्त्रित वस्तु ।

• **गाँजा:** गाँजा, THC तेल वा मैन, खानेयोग्य, पिल, तेल वा जेल, क्रिम वा मलम जस्ता विशेष स्थानमा लगाउने मिल्ने स्वरूपहरू, वाष्पीकरण वा नेबुलाइजेसनमार्फत सेवन गर्न सकिने स्वरूपहरू, टिन्कचर वा द्रव्य लगायत यिनीहरूमा मात्र सीमित नहुने यी पदार्थहरूको कुनै पनि स्वरूपलाई जनाउँछ ।

• **मदिरा:** कुनै पनि मदिराजन्य पेयपदार्थ, माल्ट मिसिएको पेयपदार्थ, मदिरा मिसिएको वाइन वा मात लगाउने अन्य द्रव्य ।

• **पाराफर्नेलिया:** रोलिङ पेपर, रोच क्लिप, हेमोस्टेट, पाइप वा पाइपहरूका भागहरू वा लागूपदार्थ सेवनका लागि प्रयोग गरिएका घरमा बनाइएका अन्य डिभाइसहरू ।

• **लागूपदार्थको अवशेष:** लागूपदार्थको ठूलो परिणाम प्रयोग वा हटाइसकेपछि लागूपदार्थको बाँकी रहेको सानो वा एकदमै थोरै परिणाम (उदाहरणका लागि, रेजिन (सार) जोकि धुम्रपानको रूपमा प्रयोग गरिएको गाँजाको उप-उत्पादन हो) ।

• **लागूपदार्थ तथा मदिराको दोहोरिएको कसुर:** एउटै स्कुल वर्षमा दोस्रो वा त्यसपछिका लागूपदार्थ तथा मदिराको कसुर । एक स्कुल वर्षमा गरिएका कुल कसुरहरूमा विद्यार्थी पहिले भर्ना भएका स्कुलहरूमा पनि गरेका कसुरहरू पनि समावेश गरिनेछ ।

यदि कुनै एक स्कुल वर्षमा विद्यार्थीको नाममा लागूपदार्थ तथा मदिरासँग सम्बन्धित एकभन्दा बढी कसुर छ भने त्यस लगत्तैको स्कुल वर्षमा लागूपदार्थ तथा मदिराको कुनै पनि कसुरलाई दोहोरिएको कसुर मानिन्छ ।

- **ATOD कार्यक्रम:** मदिरा, सुर्तीजन्य पदार्थ वा अन्य लागूपदार्थ डाइभर्सन कार्यक्रम

- **IAES:** अन्तरिम वैकल्पिक शिक्षा वातावरण

**लागूपदार्थ कसुरको वर्गीकरण तथा प्रतिकार्यको संरचना**

तलको प्रतिकार्य संरचना IEP को सेवाहरूका लागि योग्य नहुने नियमित शिक्षा प्राप्त गर्ने विद्यार्थीहरूमा लागू हुन्छ । IEP का लागि योग्य हुने अपाङ्गता भएका विद्यार्थीहरूका लागि सिफारिस गरिएका प्रतिकार्य संरचना इटालिक्समा दिइएको छ । 504 योजनाहरू भएका विद्यार्थीहरूसँग पनि IEP हरू भएका विद्यार्थीहरूले अनुशासनात्मक कार्यवाहीहरूमा उपयोग गर्न पाउने समान संरक्षणका अधिकारहरू रहन्छ । 504 योजना भएका विद्यार्थीका निम्ति गम्भीर उल्लंघनहरूका लागि 45-दिने एकपक्षीय स्थापन स्वत: उपलब्ध नहुने भएतापनि विद्यार्थीको 504 योजनामा रहेका सेवाहरूहरूलाई वैकल्पिक वातावरणमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिने भएसम्म अभिभावक/संरक्षकसहितको विद्यार्थीको 504 टिमले 45-दिने स्थापन उपयुक्त छ भनेर सहमति जनाउन सक्छन् । 504 योजनाहरू भएका विद्यार्थीहरूका लागि स्कुलहरूलाई मार्गनिर्देशनका निम्ति अफिस अफ स्टुडेन्ट सपोर्ट सर्भिसेज तथा कानुनी विभाग (लिगल डिपार्टमेन्ट) सँग परामर्श गर्न निर्देशन गरिन्छ । स्तर 3/नियम 307 का उल्लंघनहरूका लागि तोकिएको निलम्बनको समयसीमालाई मदिरा, सुर्तीजन्य पदार्थ वा अन्य लागूपदार्थ (ATOD) कार्यक्रममा उपस्थित भएर घटाउन सकिनेछ । विशेष रूपमा, यी निर्देशिकाहरूमा प्रस्तुत गरिए अनुसार विद्यार्थीले निलम्बन अवधिको पाँच (5) दिन भुक्तानी गर्नेछन् (IEP हरू भएका विद्यार्थीहरूका लागि दुई (2) दिन) र ATOD कार्यक्रममा उपस्थित हुने अवसर नहोउन्जेल बाँकी दिनहरू स्थगन रूपमा हुनेछन् ।

| **लागूपदार्थको कसुरको** वर्गीकरण | **स्तर 3**<br>**10-दिने निलम्बन**<br>**3-दिने निलम्बन** | **स्तर 4**<br>10-दिने निलम्बन + निष्कासन (वैकल्पिक शिक्षा)<br>3-दिने निलम्बन + 45-दिने स्थापन<br>अन्तरिम वैकल्पिक शिक्षा वातावरण |
|---|---|---|
| **पाराफर्नेलिया (पहिलो वा दोहोरिएको कसुर)** | गाँजा (5 ग्रामभन्दा कम तौलको परिमाण वा अवशेष) सहित पाराफर्नेलिया साथमा राख्ने | गाँजा (कुनै पनि परिमाण) सहित पाराफर्नेलिया साथमा राख्दा हुने दोहोरिएको कसुर |
| **लागूपदार्थको प्रकार:मदिरा, गाँजा वा अन्य लागूपदार्थ (पहिलो वा दोहोरिएको कसुर)** | मदिरा साथमा राख्दा पहिलोपटक हुने कसुर;<br>गाँजा (5 ग्रामभन्दा कम तौलको परिमाण वा अवशेष) साथमा राख्दा पहिलोपटक हुने कसुर | मदिरा साथमा राख्दा हुने दोहोरिएको कसुर**;<br>(कुनै पनि परिमाण) को गाँजासाथमा राख्दा हुने दोहोरिएको कसुर;<br>गाँजा (5 ग्रामभन्दा बढी तौल) साथमा राख्दा पहिलोपटक हुने कसुर;<br>गाँजाभन्दा बाहेकको लागूपदार्थ राख्ने |
| **वितरण गर्ने मनसाय** | | 5 ग्रामभन्दा बढी तौलको गाँजा राख्ने |
| **परिणाम** | गाँजा राख्ने (5 ग्रामभन्दा कम तौलको अवशेष वा परिमाण) | 5 ग्रामभन्दा बढी तौलको गाँजा वा अन्य कुनै पनि लागूपदार्थ वा मदिरा राख्ने |

| सहायतको टायर (तह) हरू | आचारसंहिताको उल्लंघन स्तरद्वारा सेवाको प्रकार | कार्यक्रम तथा सेवा प्रदायक*** |
|---|---|---|
| टायर 3: लगातार तथा/वा गम्भीर कसुरहरू | SAP स्क्रिनिङ रेफरलहरू<br>स्कुलबाहिरको निलम्बनको वैकल्पिक (ATOSS) कार्यक्रम<br>लागूपदार्थ शिक्षा कक्षा तथा सेवाहरू<br>(आचारसंहिताको उल्लंघन: स्तर 4) | विद्यार्थी उपलब्धि सेन्टर ATOSSकार्यक्रम/वैकल्पिक शिक्षा स्थापननिर्दिष्ट गरिएका SAP प्रदायकहरू (वैकल्पिक शिक्षा स्थापनको समयमा विद्यार्थीहरूले समवर्ती सेवाहरू प्राप्त गर्न सक्छन्)<br>आवासीय अन्तरङ बिरामी सेवा |
| टायर 2: पहिलोपटकका सामान्य कसुरहरू | SAP स्क्रिनिङ रेफरलहरू<br>स्कुलबाहिरको निलम्बनको वैकल्पिक (ATOSS) कार्यक्रम<br>(आचारसंहिताको उल्लंघन: स्तर 3) | निर्दिष्ट गरिएका SAP प्रदायकहरू<br>SHORES<br>विद्यार्थी उपलब्धि सेन्टर ATOSS कार्यक्रम/ वैकल्पिक शिक्षा स्थापन<br>सेन्टर देट केयर्स ATOSS प्रोग्राम<br>थ्री रिभर्स युथ ड्रग एजुकेशन प्रोग्राम |
| टायर 1: सर्वव्यापी रोकथाम | लागूपदार्थ जनचेतना तथा शिक्षा वक्ताहरू | ऐलेघेनी रिकभरी क्रु ओपिओइडहरूका बारेमा CVS केयर्स ड्रग अवेयरनेस |

**मदिरा, सुर्तीजन्य पदार्थ वा अन्य लागूपदार्थ (ATOD) कार्यक्रम**
डिस्ट्रिक्टले लागूपदार्थ, मदिरा वा धुम्रपानसम्बन्धी विद्यार्थी आचारसंहिताका नियमहरू उल्लंघन गर्ने विद्यार्थीहरूलाई मदिरा, सुर्तीजन्य पदार्थ वा अन्य लागूपदार्थ (Alcohol, Tobacco, and Other Drug/ATOD) डाइभर्सन कार्यक्रम उपलब्ध गराउँछ। हरेक स्कुल वर्षका लागि, सबै स्कुलहरूले ATOD कार्यक्रमले विद्यार्थी तथा/वा अभिभावक/संरक्षकहरूका लागि सत्रहरू सञ्चालन गर्ने मिति तथा समयहरूको सूचना प्राप्त गर्नेछन्। सत्रहरू कम्तीमा पनि तीन (3) घण्टाको हुनेछ। विद्यार्थीहरूले दुई (2) वटा शनिबारका सत्रहरू वा तीन (3) वटा बेलुकाका सत्रहरूलाई अनिवार्य पूरा गर्नुपर्छ। विद्यार्थीहरूले थप निलम्बन दिनहरूलाई स्थगनमा राख्नका निम्ति कसुर गरेको 60 दिनभित्रमा माथि उल्लेखित आवश्यक कोर्सहरूलाई अनिवार्य पूरा गर्नुपर्छ। विद्यार्थीहरूले हरेक सत्रलाई अनिवार्य पूरा गर्नुपर्छ (1, 2 तथा 3 लाई सप्ताहन्त बाहेकका अरू दिनहरूमा र 1 तथा 2 लाई शनिबारहरूमा)।

लागूपदार्थ तथा मदिराका कसुरहरूको अनुशासनात्मक कार्यवाहीलाई हेर्दै गर्नुभएका स्कुलका प्रिन्सिपल वा डेजिग्नीले विद्यार्थी तथा अभिभावक/संरक्षकलाई निलम्बनको प्रारम्भिक सूचनासहित सबैभन्दा अद्यावधिक ATOD सेवा तथा सहायताहरूको जानकारी पत्र उपलब्ध गराउनुहुनेछ। ATOD सेवा तथा सहायताहरूको जानकारी पत्रले सबै ATOD कार्यक्रमका सेवा तथा सहायताहरूको मिति, समय तथा स्थानहरूको सार दिनुपर्नेछ।

ATOD सेवा तथा सहायताहरूलाई अग्रसक्रिय रूपमा विद्यार्थीहरूका लागि पनि प्रयोग गर्न सकिन्छ। उदाहरणका लागि, यदि विद्यार्थी गाँजाले मातेको वा विद्यार्थीमा गाँजाको गन्ध आएमा।

आफ्नो आचारसंहितासम्बन्धी कसुरको कारणले गर्दा कानुन कार्यान्वयन गर्ने निकायले कैद गरेका विद्यार्थीहरूका लागि विद्यार्थी कैदमुक्त नहुँदासम्म स्कुलबाट बाहिर राख्ने भनेर तोकिएको कार्यवाही सुरु हुने छैन। त्यसैगरी, विद्यार्थीलाई कैदबाट मुक्त नगरिँदासम्म ATOD कार्यक्रम पूरा गर्नका लागि 60 दिने समयसीमा सुरु हुने छैन।

**कानुन कार्यान्वयन गर्ने निकायको संलग्नता तथा पदार्थहरूको परीक्षण**
बोर्डको नीतिले निषेधित गरिए अनुसार विद्यार्थीले साथमा लागूपदार्थ वा मदिरा राखेको पाइँदा ढिलाइ नगरिकन उल्लंघनको बारेमा डिभिजन अफ स्कुल सेफ्टीलाई सूचित गरिनेछ। डिभिजन अफ स्कुल सेफ्टीको सम्बद्ध प्रमाणलाई सुरक्षित राख्ने र चेन अफ कस्टडी (हिरासतमा राख्ने क्रम) को

प्रक्रियाहरू पालना गरिनुपर्नेछ । निषेधित गरिएको सामग्री वा वस्तुको प्याकेजिङका लागि डिभिजन अफ स्कुल सेफ्टीको निर्दिष्ट गरिएका स्कुल प्रहरी अधिकारी जिम्मेवार हुनेछन् । निषेधित पदार्थहरू वा अवशेषको प्रारम्भिक स्थलगत परीक्षणको जिम्मेवारी निर्दिष्ट गरिएका स्कुल प्रहरी अधिकारी हुन्छ । सो वस्तुलाई थप परीक्षण तथा तौलका लागि ऐलेघेनी काउन्टी क्राइम ल्याबमा बुझाइनेछ । त्यसपछि डिभिजन अफ स्कुल सेफ्टीलाई प्रयोगशाला नतिजाहरू (Report of Laboratory Findings) को गोप्य प्रतिवेदन तथा लागूपदार्थ रसायन खण्ड (Drug Chemistry Section) प्रतिवेदन उपलब्ध गराइन्छ । त्यसपछि अपराध प्रयोगशालाका प्रतिवेदनहरू अफिस अफ स्टुडेन्ट सपोर्ट सर्भिसेजलाई उपलब्ध गराइनेछ ।

THC तेल राखिएको भ्याप पेन साथमा राख्दा त्यो डिस्ट्रिक्टको लागूपदार्थ तथा मदिरा नीतिको उल्लंघन हुन्छ । भ्याप पेनहरूभित्रको वस्तु THC तेल हो कि होइन भनेर निर्धारण गर्न सो वस्तुको परीक्षण गरिनेछ । THC रहेको एउटा वा दुईवटा भ्याप पेनहरू राख्ने विद्यार्थीहरूको प्रक्रियालाई नियम 307 अन्तर्गत अगाडि बढाइनेछ । THC राखिएको तीन (3) वटा वा सोभन्दा बढी भ्याप पेनहरू साथमा राखिएको पाइएमा त्यसको प्रक्रियालाई नियम 407 अन्तर्गत अगाडि बढाइनेछ । भ्याप पेनका दोहोरिएका उल्लंघनहरूको प्रक्रियालाई पनि नियम 407 अन्तर्गत अगाडि बढाइनेछ ।

**408. आगो लगाउने:** जानाजान आगो वा विस्फोटन सुरु गर्ने वा अर्को व्यक्तिलाई आगो वा विस्फोटन सुरु गर्न मद्दत गर्ने, अनुरोध गर्ने वा भन्ने जसले सम्पत्तिलाई क्षति हुने खतरामा वा व्यक्ति (आगो निभाउने व्यक्तिसहित) लाई चोटपटक लाग्ने खतरामा पार्न सक्छ वा खतरामा पार्छ ।

**418. गम्भीर प्रकृतिको हेजिङ:** नियम 218 वा 318 द्वारा परिभाषित गरिए अनुसार व्यक्तिले हेजिङको कार्य गर्दा हुन्छ जसको परिणाम विद्यार्थीलाई गम्भीर शारीरिक चोटपटक लाग्छ वा विद्यार्थीको मृत्यु हुन्छ र:

1. विद्यार्थीले पीडित विद्यार्थीको स्वास्थ्य तथा सुरक्षाको बेवास्ता गर्दै लापरवाही तरिकाले कार्य गर्छन्; वा
2. विद्यार्थीले पीडित विद्यार्थीलाई मदिराजन्य पेय वा लागूपदार्थ सेवन गर्न लगाउँछ, बाध्य बनाउँछ वा बल प्रयोग गर्छ ।

*विद्यार्थीलाई कुटपिट वा हातहतियारको आरोप लगाउनुभन्दा पहिले स्कुल प्रशासकहरूलाई अफिस अफ स्टुडेन्ट सपोर्ट सर्भिसेजसँग छलफल गर्न सुझाव दिइन्छ ।

# मार्गनिर्देशन सहयोगात्मक सेवाहरू/प्रक्रियाहरूको निरन्तरताका उदाहरणहरू (स्तर 4)

• पुनर्स्थापकीय अभ्यासहरूको प्रयोग (अर्थात्, भावनात्मक कथन, पुनर्स्थापकीय प्रश्न, वृत, तयारीबिना तत्कालै गरिने साना कन्फरेन्सहरू, औपचारिक पुनर्स्थापकीय कन्फरेन्स, इत्यादि)

• सहायताहरूको बहु-तहगत प्रणाली (MTSS) प्रक्रियामा रेफरल

• स्कुलभित्रको द्वन्द्व समाधान कार्यक्रमहरूमा रेफरल (उदाहरणका लागि, सहपाठी मध्यस्थता, पुनर्स्थापकीय कन्फरेन्सिङ)

• विद्यार्थी/शिक्षक कन्फरेन्स

• अभिभावक वा संरक्षक/शिक्षक कन्फरेन्स

• विद्यार्थी/प्रशासक कन्फरेन्स

• परामर्श कर्मचारीद्वारा सहयोगात्मक सेवा/मार्गनिर्देशन कन्फरेन्स

• लिखित रिफ्लेक्सन (चिन्तनमनन) असाइन्मेन्ट

• हरेक विद्यार्थीका लागि योजना टुलहरू (उदाहरणका लागि, व्यवहार सहायता योजना) निर्माण, समीक्षा तथा संशोधन गर्ने

• समयतालिका वा कक्षामा परिवर्तन (अभिभावक/संरक्षकलाई सूचनासहित)

• एकल/समूह परामर्श

• रोकथाम (उदाहरणका लागि, क्रोध-व्यस्थापन, आवेग प्रतिस्थापन, सङ्गठनात्मक सीपहरू जस्ता सामाजिक, भावनात्मक सीप शिक्षण समूहहरू) तथा/वा सहयोगात्मक सेवाहरू (उदाहरणका लागि, व्यवहारजन्य स्वास्थ्य परामर्श) का लागि विद्यार्थी सहयोग कार्यक्रम (SAP) मा रेफरल

• विद्यार्थी व्यवहार योजना

• मेन्टोरिङ कार्यक्रममा रेफरल

• डिस्ट्रिक्टद्वारा स्वीकृत समुदायमा आधारित संस्था (CBO) मा रेफरल

• सामुदायिक सेवा (अभिभावकको सहमतिबाट)

• सकारात्मक व्यवहारजन्य व्यवस्थापन सहायता करार

• मदिरा/लागूपदार्थ मूल्याङ्कन रेफरल

• स्कुल वा कक्षाकोठाबाट बाहिर राख्ने अनुशासनात्मक कार्यवाहीका अन्य उपयुक्त विकल्पहरू (त्यस्ता बाहिर राख्ने अनुशासनात्मक कार्यवाहीहरूमा डिटेन्सन, स्कुलभित्रको निलम्बन, स्कुलबाहिरको निलम्बन पर्दछन्)

# प्रयोग गरिएका मार्गनिर्देशन सहयोगात्मक सेवाहरूकाअतिरिक्त सिफारिस गरिएका अनुशासनात्मक कार्यवाहीहरूका उदाहरणहरू (स्तर 4)

• स्थलगत भ्रमण, एसेम्बली (भेला) वा अन्य विशेषाधिकारहरूको निलम्बन

• अतिरिक्त क्रियाकलापहरूबाट बाहिर राख्ने

• यातायात विशेषाधिकारहरूको निलम्बन

• विशेष कार्यक्रम वा प्रवर्द्धन अभ्यासहरूबाट बाहिर राख्ने

• स्कुल प्रहरीमा रेफरल तथा परामर्श

• स्कुलबाहिरको निलम्बन

• स्कुलबाट बाहिर राख्ने/निष्कासन (11 वा सोभन्दा बढी दिन)

• वैकल्पिक शिक्षा स्थापन